मिति: २०८०/०४/२३
समय: बिहान ७.३० बजे
स्थान: नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिल:

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री सुमन अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं. ५ | |
| ५ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं. १ | |
| ६ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं. २ | |
| ७ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं. ३ | |
| ८ | श्री लक्ष्मीराम शर्मा (पौडेल) | वडा अध्यक्ष, वडा नं. ४ | |
| ९ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| १० | श्री भगवानराज घले | का.वा. वडा अध्यक्ष, वडा नं. ७ | |
| ११ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं. ८ | |
| १२ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं. ९ | |
| १३ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं. १० | |
| १४ | श्री शोभा नेपाली | कार्यपालिका सदस्य | |
| १५ | श्री इशु खड्का | कार्यपालिका सदस्य | |
| १६ | श्री कल्पना बसेल | कार्यपालिका सदस्य | |
| १७ | श्री बुद्धमाया पुतुवार (नगरकोटी) | कार्यपालिका सदस्य | |
| १८ | श्री हम्जुला राई | कार्यपालिका सदस्य | |
| १९ | श्री चन्दा सुनार | कार्यपालिका सदस्य | |
| २० | श्री अम्बिका सुनचिउरी गजमेर | कार्यपालिका सदस्य | |
| २१ | श्री रमेश बसेल | कार्यपालिका सदस्य | |

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०४/१४ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका नीति, योजना, ऐन तथा कार्यविधि तर्जुमा प्रकृया अगाडि बढाउने सैद्धान्तिक स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कानूनको नाम | गर्नुपर्ने कार्य |
|---|---|---|
| १. | सामुदायिक विद्यालयमा दिवा खाजा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | नयाँ तर्जुमा |
| २. | नागार्जुन नगरपालिकामा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | |
| ३. | नागार्जुन नगरपालिकाको अटिजम केयर सेन्टर तथा सिकाई केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ | |
| ४. | स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्वन्धि निर्देशिका, २०७७ | संशोधन गर्नुपर्ने |

निर्णय नं. ३

आ.व. २०८०/०८१ मा पहिलो चरणमा नागार्जुन नगरपालिकाले १० वटा वडामध्ये वडा नं. ३, ४, ५, ६ र ९ मा बालमैत्री स्थानीय शासन नीतिगत प्रक्रियागत कार्यक्रमहरू सञ्चालन गरी रहेकोमा हाल दोश्रो चरणमा वडा नं. १, २, ७, ८ र १० मा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाका लागि नीतिगत प्रकृयागत कार्यक्रमहरू अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ४

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित कम्पनीहरूले घ वर्गको इजाजत दर्ताको लागि निवेदन दिएकोमा अनुगमन समितिको मिति २०८१/०४/२१ र २०८१/०४/२२ को निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित कम्पनीहरू 'घ' वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री अनुभा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., नागार्जुन न.पा. ४, काठमाडौं ।
२. श्री मोनिका एण्ड बिहानी कन्स्ट्रक्सन प्रा.लि., नागार्जुन न.पा. ४, काठमाडौं ।

निर्णय नं. ५

महानगरीय प्रहरी वृत्त, स्वयम्भूको च.नं. ०२, मिति २०८१/०४/०६ को पत्रानुसार नगरपालिका क्षेत्रभित्र शान्ति सुरक्षा तथा गस्ती बढाउनका लागि समेत इन्धन अपुग भएको भनि अनुरोध भएको हुँदा उक्त कार्यालयलाई मासिक १०० लिटर (पेट्रोल) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

अविरल वर्षातका कारण सिर्जित मनसुनजन्य विपद तथा क्षति न्यूनिकरण तथा पहिरो व्यवस्थापन, अवरूद्ध सडक खुलाउने कार्यका लागि यस नगरपालिका अन्तर्गत वडा नं. ३, ६, ७ र ८ मा भूक्षय, बाढी पहिरोको अत्यन्तै जोखिम रहेको र उक्त घटनाहरू बारम्बार घटी रहेको अवस्थामा तत्काल प्रतिकार्यका लागि प्राविधिकहरूको लागत अनुमान तथा प्राविधिक परामर्श अनुसार उल्लेखित प्रत्येक वडालाई रू. १,००,०००/- (एक लाख) र वडा नं. ८ लाई रू.५,००,०००/- (पाँच लाख) मा नबढ्ने गरी प्रकोप व्यवस्थापन कोषबाट बजेट व्यवस्थापन गर्ने निर्णय गरियो । साथै बाढी पहिरो व्यवस्थापनका लागि सर्वसाधारण तथा वडा कार्यालयबाट प्राविधिक परामर्श समेत संलग्न राखी तारजालीहरू माग भई रहेको सम्बन्धमा सोको लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी हाल ३०० थान तारजाली खरिद गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस नगरपालिका अन्तर्गत वडा नं. ५ मा रहेको ढोलुङ्गे बिमिरे ठाडो पर्खाल खानेपानी तथा सरसफाई उपभोक्ता समितिको खानेपानी पाईप लाईन वर्षातको कारणले पहिरो गई क्षति भएको हुँदा उक्त स्थानमा खानेपानी सुचारू गर्न रू. १,१६,९१५/- (एक लाख सोह्र हजार नौ सय पन्ध्र रूपैंया) तथा वडा नं. ८ स्थित खड्का गाउँ तथा दुबे चौर क्षेत्रमा समेत पहिरोले खानेपानी पाईप लाईनमा क्षति पुर्याएको हुँदा रू.२४,८५०/- (चौबिस हजार आठ सय पचास) मात्रबाट पाईप खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

नागार्जुन नगरपालिकाको वार्षिक समिक्षा मिति २०८१ साल भाद्र १४ गते आयोजना गर्ने निर्णय गरियो । साथै सोको लागि सबै शाखा, वडा कार्यालय र स्वास्थ्य संस्था लगायतका कार्यालयहरूले गत आ.व.को प्रगति प्रतिवेदन तयारी गरी प्रस्तुतीकरण गर्ने गरी तयार हुन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ९

नागार्जुन नगरपालिका अन्तर्गतका १ देखि १० वडा कार्यालयहरूले मिति २०८१ साल असोज १५ गते भित्र सार्वजनिक सुनुवाई सम्पन्न गरी सोको प्रतिवेदन सहितको जानकारी यस कार्यालयमा दिन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८१/०४/१५ को सूचना बमोजिम एक वडा एक कृषि उत्पादन कार्यक्रमका लागि समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को प्रावधान बमोजिम आवश्यक लागत साझेदारी समेत व्यहोर्ने गरी कृषि बाली वस्तुका लागि वडा नं. ८ र पशुपन्छी तथा मत्स्यजन्य उत्पादनका लागि वडा नं. ३ छनौट गरी कार्यक्रम कार्यान्वयनको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

नागार्जुन नगरपालिका अन्तर्गत नगरपालिका भित्र कपडा बैंक स्थापनाका लागि Cloth & Food Bank Nepal नामक संस्थाको मिति २०८१/०४/१३ मा प्राप्त निवेदन तथा प्रस्तावनाका सम्बन्धमा छलफल गर्दा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने बासिन्दाहरूले दान गर्न चाहने निजहरूसँग उपलब्ध पुराना तथा नयाँ कपडाहरू, झोला, जुत्ता लगायतका सामाग्रीहरू संकलन गर्ने तथा संकलित उक्त सामाग्रीहरू सम्बन्धित संस्थाले मर्मत तथा पुनः चक्रण गरी प्रयोग योग्य बनाई गरिब असहाय तथा उक्त सामाग्रीहरूको आवश्यकता पर्ने व्यक्तिहरूलाई निःशुल्क प्रदान गर्ने प्रणाली स्थापनाको लागि प्रस्ताव प्राप्त भएकोमा सो सम्बन्धमा छलफल गरियो । यस कार्यले फोहोरमैला व्यवस्थापनमा सघाउ पुग्ने, प्रयोग बिहिन कपडा लगायतका सामाग्रीको पुनः प्रयोग हुने तथा कमजोर वर्गलाई राहत समेत हुने हुँदा उक्त संस्थासँग सहकार्य गर्ने र सोको लागि समझदारी पत्रमा हस्ताक्षर गर्न नगर प्रमुख/उपप्रमुख/प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने निर्णय गरियो । साथै उक्त प्रस्तावना अनुसार कपडा ड्रप बक्सका लागि प्रति बक्स रू.२,२५,०००/- (दुई लाख पच्चिस हजार) मात्र लागत अनुमान रहेकोमा यस नगरपालिका क्षेत्रभित्र ४ (चार) वटा सामाग्री संकलन बक्स स्थापना गर्ने गरी रू.९,००,०००/- (नौ लाख) स्वीकृत गरी उक्त बक्स राख्नको लागि नगरपालिका कार्यालय, वडा नं. २ को कार्यालय, वडढा नं. ७ को कार्यालय र वडा नं. १० को कार्यालय भएका स्थानहरू उपलब्ध गराउने निर्णय गरियो ।